# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको संचालन संरचना

### निर्देशक समिति

कार्यकारी समितिले तयार गरेको पुनर्निर्माणसम्बन्धी नीति तथा योजना स्वीकृत गर्छ। पुनर्निर्माणसम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यकारी समितिलाई निर्देशन दिन्छ।

### राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

पुनर्निर्माणको प्राथमिकता निर्धारण गर्दै पुनर्निर्माणका लागि नीति, योजना, बजेट, कार्यक्रम र कार्यविधि स्वीकृत गर्छ। पुनर्निर्माण सम्बन्धी आयोजना स्वीकृत गरी पुनर्निर्माण सम्बन्धी कार्य गर्ने निकाय तोक्छ। पुनर्निर्माण गर्ने जिम्मेवारी पाएका मन्त्रालयत तथा निकायलाई बजेट उपलब्ध गराउँछ। एकीकृत वस्ती विकास, एकीकृत आवास विकास, पुनर्स्थापना तथा स्थान्तरणका लागि आवश्यक मापदण्ड बनाइ उपयुक्त स्थानको पहिचान गरी आयोजना कार्यान्वयन गराउँछ। पुनर्निर्माणका लागि गैरसरकारी संस्था, निजी क्षेत्र वा समुदायलाई परिचालन गर्छ। पुनर्निर्माणका लागि आवश्यक आर्थिक स्रोत जुटाउँछ। पुननिर्माण सम्बन्धी कामलाई प्रभावकारी बनाउन विभिन्न निकायबीच समन्वय गर्छ।

### अर्थ मन्त्रालय

पुनर्निर्माणका लागि बजेटको सिलिङ तोक्छ। पुनर्निर्माण प्राधिकरणले प्रस्ताव गरेको कार्यक्रमको आधारमा बजेटको अख्तियारी, रकमान्तर तथा थप निकासा उपलब्ध गराउँछ।

### पुनर्निर्माण कोष

(कार्यान्वयनमा आउन नसकेको)

### जिल्ला समन्वय समितिको सचिवालय

१४ अति प्रभावित जिल्लामा रहेका १४ र कम प्रभावित जिल्लामा रहेका अन्य ८ सचिवालयले प्राधिकरणको जिल्लास्तरको सम्पर्क कार्यालयका रुपमा कार्य गर्छन्। अन्य सरकारी कार्यालयहरुसँग समन्वय गर्छन्। प्राधिकरण केन्द्रलाई जिल्लाको प्रतिवेदन गर्छन्।

## कुन कार्यको नेतृत्व कसले गर्छ ?

**निजी आवास पुनर्निर्माण**
सहरी विकास मन्त्रालय
(केन्द्रीय आयोजना कार्यान्वयन इकाई)
→ जिल्ला आयोजना कार्यान्वयन इकाई

**आवास अनुदान वितरण**
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(केन्द्रीय आयोजना कार्यान्वयन इकाई)
→ जिल्ला आयोजना कार्यान्वयन इकाई

**शैक्षिक संस्थाहरुको पुनर्निर्माण**
शिक्षा मन्त्रालय
(केन्द्रीय आयोजना कार्यान्वयन इकाई)
→ जिल्ला आयोजना कार्यान्वयन इकाई

**पुरातात्विक महत्वका सम्पदाको पुनर्निर्माण**
सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(केन्द्रीय आयोजना कार्यान्वयन इकाई)

**अस्पताल तथा स्वास्थ चौकीको पुनर्निर्माण**
स्वास्थ मन्त्रालय
(केन्द्रीय आयोजना कार्यान्वयन इकाई)

**अन्य पुनर्निर्माणका लागि**
सम्बन्धित मन्त्रालय / पुनर्निर्माण प्राधिकरणका जिल्ला सचिवालयहरु
→ कार्यान्वयनस्तरका कार्यालय

